**नेपाल पर्यटन बोर्ड नेपाल पर्यटन बोर्डको आ.व. २०७७।७८ मा वस्तु तथा सेवा उपलब्ध गराउन सूचिकरण गर्ने बारेको सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०७७।०४।०५ गते**

आ.व. २०७७।७८ मा यस बोर्डका लागि आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्न ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था (गैरसरकारी संस्था समेत) वा कम्पनीहरुलेमौजुदा सूची (स्टाण्डिङ्ग लिष्ट) मा दर्ता हुनकालागि संलग्न बमोजिमको बोर्डले तोकेको ढाँचामा कार्यालय समय भित्र रीतपूर्वकको आवेदन पेश गर्न हुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त देहाय बमोजिमका कागजातका प्रतिलिपीहरु संबन्धित ब्यक्ती तथा फर्म आँफैले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।**

१. र्फम दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन चाहेको हो सो कामको लागि पाएको इजाजतपत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी (मूल्य अभिबृद्धिकरमा दर्ता हुनु नर्पनेको हकमा सोको आधिकारिक कागजातको छाँयाप्रति) ।
४. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि कम्तीमा आ.ब. ०७५।०७६ सम्मको । यही आ.ब. मा दर्ता भएका नयाँ कम्पनीको हकमा करचुक्ताको प्रमाणपत्र आवश्यक नपर्ने ।
५. निवेदक ब्यक्तीको हकमा नागरिकताको प्रतिलिपि, स्थायी लेखा नंबर दर्ता प्रमाणपत्रको प्रतिलिपि र ब्यक्तीगत विवरण (Bio -Data) ।
६. उत्पादकले नेपालमा उत्पादित मालसामान आपूर्ति गर्ने भए त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशित गरी तोकेको मुल्य सूची ।
७. घरेलु उद्योगले मालसामान मालसामान आपूर्ति गर्ने भए नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको नेपाल राजपत्रकोसूचना प्रति ।
८. मालसामान तथा सेवा आपुर्तिका लागि याग्य भएको, कुनै पनि कन्फ्लिक्ट अफ इन्ट्रेष्ट नभएको र संबन्धित आधिकारिक निकायबाट सजाँय नपाएको स्वःघोषणा पत्र ।

**क) खरिद, आपूर्ति तथा मर्मत संभार तर्फ**

१. मसलन्द तथा कार्यालय सामानहरुको आपूर्ति ।

२. ईलेक्टनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेसीन, यू.पि.एस, फोन, फ्याक्स, पंखा, एयर कन्डिसनर, हिटर, चिम, तार, वाईरिङ्ग आदि सम्बन्धि आपूर्ति तथा मर्मत संभार ।

३. प्लम्बिङ सम्बन्धि सामाग्रीहरु आपूर्ति तथा मर्मत संभार ।

४. छपाई सम्बन्धि ।

५. पत्र पत्रिका तथा पुस्तकहरु ।

६. फर्निचर तथा फिक्चर्स सम्बन्धि आपूर्ति तथा मर्मत संभार ।

७. खानेपानी ।

८. चिठीपत्र कुरियर तथा कार्गो ।

९. सवारी साधनहरुको मर्मत संभार तथा पाटपुर्जाको आपूर्ति ।

१०. निर्माण कार्य तथा आन्तरिक सजावट र सर्भे तथा डिजाईन ।

११. युएसवी पेन ड्राइभ, कार्ड ड्राइभ डिजाइन, निर्माण तथा आपुर्ती सम्बन्धि ।

१२. नेपालको कला, संस्कृति, भेषभूषा, रहनसहन तथा पर्यटनको विशेषता झल्काउने किसिमका हस्तकला वा कलात्मक उपहार सामाग्रीहरु (Souvenirs) हरुको डिजाइन, उत्पादन तथा आपूर्ति सम्बिन्धी ।

**ख) सेवातर्फ**

१. वेभसाईट तथा विभिन्न सफ्टवेयर निर्माण एवम परिमार्जन ।

२. हवाईटिकट (राष्ट्रिय र अन्तराष्ट्रिय) खरिद सम्बन्धि ।

३. भ्रमण प्याकेज सम्बन्धि ।

४. सवारी साधन भाडामा उपलब्ध गराउने सम्बन्धि कार्य ।

५. विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण, Graphic design, Ad campaign design, Hoarding Boarding र प्रर्बद्धन सम्बन्धि ।

६. Content writing र editing सम्बन्धि कार्य ।

७. बृत्तचित्र, Promotional Video र TVC निर्माण, फूटेज तथा फोटो उपलब्ध गराउने सम्बन्धि ।

८. अनुसन्धान तथा परामर्श ।

९. मानव संशाधन आपूर्ति ।

१०. तालीम संचालन र सचेतना अभिबृद्धि सम्बन्धि सेवाहरु ।

११. राष्ट्रिय तथा अन्तराष्ट्रिय Event Management सम्बन्धी ।

१२. सुरक्षा सम्बन्धि कार्यहरु ।

१३. कानूनी सेवा एव्म अन्य परार्मश सम्बन्धि कार्यहरु ।

१४. लेखा परीक्षण सम्बन्धि कार्यहरु ।

१५. क्याटरिङ्ग सम्बन्धि कार्यहरु ।

१६. बगैंचा ब्यवस्थापन तथा फूल विरुवा आपूर्ति सम्बन्धि सेवा ।

१७. Cartography सम्बन्धि कार्यहरु ।

१८. कला तथा संगीत सम्बन्धि कार्यहरु ।

१९. बीमा सम्बन्धि कार्यहरु ।

**पालना गर्नुपर्ने शर्तहरुः**

- एकभन्दा बढी बिषयमा सूची दर्ता गराउन चाहनेले प्रत्येक बिषयको लागि तोकिएको कार्य गर्न प्राप्त इजाजतकोप्रमाण कागजात संलग्न गरी विषय खुलाएर निवेदन दर्ता गराउनुपर्नेछ ।
- काम र सेवा सम्बन्धि उद्धेश्य स्पष्ट रुपमा उल्लेख भएकालाई मात्र मान्यता दिइनेछ ।
- रीत नपुगेको निवेदन उपर कुनै कारबाही गरिनेछैन ।
- प्राप्त आवदेनहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बोर्डमा सुरक्षित रहनेछ ।
- यस सूचनामा नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- सूचीकृतमा पर्नेहरुको सूची बोर्डको वेभसाईट अर्धबार्षिक रुपमा अद्यावधी गरी राखिनेछ ।
- सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा तथा समयमा सामान आपूर्ति नगरेको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दाबी बिरोध गर्न पाईने छैन ।

**नोटः** सूचीकरणको लागि आवेदन फारम यस बोर्डको वेभसाईट **www.trade.welcomenepal.com** बाट डाउनलोड गर्न सकिनेछ ।